# एथ्नोग्राफी (ETHNOGRAPHY)

**श्याम बहादुर कुँवर**
**टि. यु., मानवशास्त्र (एम. फिल.)**

**१ परिचयः**

एथ्नोग्राफी (ethnography) सामाजिक अध्ययन अनुसन्धानमा एक महत्वपूर्ण विधि हो | यो विधि सुरुवात मानबशास्त्र बाट भएको हो | खासगरेर यसको प्रयोग हाल अन्य समाज बिज्ञानहरु र सामाजिक अध्ययन अनुसन्धानमा व्यापकरुपमा प्रयोग हुदै गएको छ | खासगरेर मानबशास्त्रमा कुनै पनि समुदायमा लामोसमय सम्म प्रत्यक्ष सलंग्न भएर समुदायको समग्र अध्ययन गरिन्छ | एथ्नोग्राफीक अध्ययन विधिलाई एकजना प्रख्यात मानबशास्त्री Clifford Geertz क्लिफफोर्दा गीर्तज़ ले 'thick description' भनेका छन् | कुनैपनि बिषयबस्तुको गहिराईमा पुगेर त्यससंग जोडिएका अर्थहरू खोजि ब्याख्या, बिश्लेशन गर्नु हो |

यस लेखमा एथ्नोग्राफी (ethnography) को बारेमा सामान्य चर्चा गरिएको छ | यस लेखको उदेश्य खासगरेर एथ्नोग्राफीको बारेमा भर्खर अध्यनरत विधार्थीहरु र एथ्नोग्राफी बारे चासो राख्नेहरुका लागी सहयोग पुगोस भन्ने हो | यस लेख भित्र एथ्नोग्राफी के हो ? एथ्नोग्राफी के कस्तो विधि/तरिका अपनाएर गरिन्छ ? एथ्नोग्राफी गर्दा सम्भावित फाइदा, बेफाइदाहरु के के हुन सक्छ ? एथ्नोग्राफी गर्दा के के कुराहरुमा ध्यान दिनु पर्छ ? र एथ्नोग्राफीका के कस्ता सिमितताहरु छन् भन्ने बारेमा केहि चर्चा गरिएको छ | त्यसैले यस लेखमा एथ्नोग्राफी संग सम्बन्धित सम्पूर्ण बिषयबस्तुलाई समेट्न सकिएको छैन |

यस लेख लेखनको सुरुवात 'Infrastructures of Democracy' नामक अनुसन्धान कार्य अन्तर्गत peer researcher हरु बिचको कार्यशाला गोष्ठीको निम्ति एथ्नोग्राफी के हो भन्ने विषय बाट भएको हो |

**२) एथ्नोग्राफी के हो? (**What is ethnography?**)**

एथ्नोग्राफी (ethnography) भन्नाले कुनैपनि समुदाय वा बिषयवस्तुको बारेमा गरिने समग्र अध्ययन हो | जहाँ अनुसन्धान कर्ता प्रत्यक्ष सलग्न भएर अध्ययनको विषयबस्तुसंग जोडिएका सम्बन्धहरुको खोज गरि सिलसिलेवर रुपमा बर्णन गरिएको हुन्छ | एथ्नोग्राफीमा सामाजिक, संस्कृतिक, आर्थिक, राजनैतिक, भौगोलिक तथा धार्मिक अन्तरसम्बन्धहरुको खोजि गरिन्छ र उपलब्ध तथ्यांक, सुचनाहरु को आधारमा ब्याख्या विश्लेषण गरिन्छ |

एथ्नोग्राफी गर्ने परम्परा खासगरेर मानबशास्त्रबाट सुरु भएको हो र यो महत्वपूर्ण अध्ययन विधिको रुपमा विकास भएको हो | खासगरेर मनावशास्त्रमा Bronislaw Malinowski, ब्रिटिश मानवशास्त्री एथ्नोग्राफी गर्ने परम्परा सुरु गरेका हुन् | उनले Melanesia का Trobriand Islands हरुको एथ्नोग्राफी गरेका थिए | मानवशास्त्रमा परम्परागत रुपमा कुनै पनि समुदाय वा समुहको समग्र अध्ययन गर्नु नै एथ्नोग्राफी (ethnography) अध्ययन हो | जहाँ कुनैपनि समुदाय वा समुहको सामाजिक, संस्कृति, आर्थिक, राजनैतिक, भौगोलिक तथा धार्मिक सम्बन्धहरु समग्र अध्ययन हो | साथै उनीहरुको दैनिकी, रहनसहन, चालचलन, भाषा आदि बिचको अन्तरनिहित सम्बन्धहरुको अध्ययन गरिन्छ | यधपी एथ्नोग्राफी (ethnography) हाल आएर मानवशास्त्रमा मात्र नभई अन्य सामाजिक बिज्ञानहरु जस्तै समाजशास्त्र, राजनीतिशास्त्र लगाएतका विधाहरुमा पनि प्रयोग गर्न थालेका छन् | एथ्नोग्राफी कुनै खास समुदाय वा सास्कृतिक समुहको मात्र अध्ययन नभएर कुनैपनि विषयवस्तु वा घटनाक्रमको पनि गर्न सकिन्छ | परम्पगत रुपमा गरिने एथ्नोग्राफी खास समुदाय वा सास्कृतिक समुहको लामो समय कम्तिमा एक बर्ष सम्म अध्ययन क्षेत्रमा प्रत्यक्ष संलग्न भएर गर्नु पर्छ | किनभने कुनैपनि सास्कृतिक समुहको बार्षिक चक्रलाई अवलोकन गरि समग्रमा खोजि गर्नु पर्ने हुन्छ |

त्यसैले एथ्नोग्राफीमा दैनिक मानविय व्यवहारहरुलाई स्वाभाविक परिबेशमा रही अध्ययन गर्ने प्रेरणा दिन्छ | खासगरेर एथ्नोग्राफीमा सांस्कृतिक प्रणालीहरु र ति प्रणालीहरुसंग जोडिएका पक्षहरुलाई त्यहि परिबेश, सन्दर्भमा रही सोधखोज गरिन्छ | साथै सम्बन्धित बिषयबस्तुसंग जोडिएका मूल्य मान्यता, बिश्वास, धार्मिक अनुष्ठा, चालचलनहरु, व्यक्तिहरुका व्यवहारहरुलाई

सामाजिक-संस्कर्तिक, धार्मिक, राजनैतिक, र भौगोलिक परिवेशमा कसरी अन्तरक्रिया गरेको छ भन्ने कुराको अध्ययन गरिन्छ |

तर एथ्नोग्राफी को पुरानो परम्परामा धरै परिवर्तन आएको छ | कुनैपनि विषयको समग्रमा गहन अध्ययन गर्न कुनै एक ठाउँमा नभई दुइ वा दुइ भन्दा बढी ठाउमा गरि तुलनात्मक तरिकाले पनि गर्न सकिन्छ | उदाहरण को लागि नेपालमा पूर्वाधार विकास जस्तै सडक निर्माणलाई लिने हो भने नेपालका विभिन्न ठाउमा भइरहेको सडक निर्माण प्रक्रियालाई गहन अध्ययन गरी ति निर्माण को प्रक्रियामा भएको समानता र फरक के के छन् ? किन छन् ? के कारणले गर्दा छन् ? भिन्न भिन्न ठाउमा के कस्ता असरहरु परेको छ ? ति असरहरुले सामाजिक, सास्कृतिक, राजनीतिक, आर्थिक तथा भौगोलिक वातावरणमा के परिबर्तनहरु ल्याको छ ? आदि जस्ता प्रश्नहरुको बीचमा रही एथ्नोग्राफी गर्न सकिन्छ |

एथ्नोग्राफी (ethnography) मा अन्तरिक र बाह्य दुवै दृष्टिकोणबाट व्यक्ति र समुदायका हरेक सम्बन्धहरु को बिश्लेषण साथै अनुसन्धान कर्ता र अनुसन्धानमा सहभागीहरु बीचको सम्बन्ध को पनि बिश्लेषण गरिन्छ | एथ्नोग्राफी (ethnography) मा विभिन्न तथ्यहरु लाई अध्ययन गरि समुदायका दृष्टिकोणहरुको आधारमा  सरल ब्याख्या ब्याख्या गरिन्छ |

एथ्नोग्राफीक (ethnography) अध्ययनमा अनुसन्धान प्रकृतिको बृहतता र लचकता बढी हुने हुनाले एथ्नोग्राफी गर्दा अनुसन्धान एथिक्सको दायरामा रहेर अध्ययनको सन्दर्भलाई औल्याउनु पर्छ | त्यसैले पूर्व सुचित अनुमति (informed consent) सामाजिक अनुसन्धान प्रक्रियामा एक महत्वपूर्ण कदम हो र यसलाई निरन्तर अनुसन्धानको प्रक्रियामा जोड्नु पर्छ | अमेरिकन मानबशास्त्रीय संघले सबै एथ्नोग्राफीक (ethnographic) अनुसन्धानहरुले आधारभूत रुपमा इथिकल प्रक्रिया को पालना गर्नु भनेको छ | किन भने अनुसन्धान को कारणले हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न र अध्ययनलाई कसरी सम्बन्धित समुदायको अधिकतम हितमा प्रयोग सकिन्छ भन्ने कुरामा जोड दिन्छ |

त्यसकारण एथ्नोग्राफी समाजको अध्ययन गर्ने एक महत्तोपुर्ण विधि हो साथै अबधारणा पनि हो | यसलाई विधिको रुपमा कुनै पनि बिषयबस्तुको पूर्ण जानकारी लिनको लागि लामो समय सम्म अध्यान गर्ने, तथ्यांक वा विवरण संकलन गर्न अध्ययन क्षेत्रको प्रत्यक्ष अबलोकन गर्ने, सम्बन्धित व्यक्ति वा समुदाय संग औपचारिक वा अनौपचारिक कुराकानी, छलफल गरी सुचनाहरु संकलन गर्ने गरिन्छ |

एथ्नोग्राफी (ethnography) लाई अबधारणाको रुपमा प्रयोग गर्दा कुनैपनि विषयबस्तुको समग्र अध्ययन हो | यस अबधारणा अनुसार अध्ययनसंग जोडिएका सम्पूर्ण विवरणहरुको संकलन गरिन्छ | विवरण संकलन गर्दा सबन्धित व्यक्ति, समुदाय तथा संघसंस्थाहरु संग कुराकानी, छलफल, बहस गरि सूचना, तथ्यांकहरु संकलन गरिन्छ | तथ्यांक वा विवरणहरु गुणात्मक र संखायात्मक दुवै हुनसक्छ | यधपी ति तथ्यांक वा विवरणहरुलाइ गुणात्मक तबरले गहिरो अर्थहरू खोजि गर्दै ब्याख्या विश्लेषण गर्ने गरिन्छ |

यस विधि तथा अवधारणाले मानवको जीवनशैली, दैनिकि र जीवन भोगाईका प्रक्रियाहरुको गहिरो लेखाजोखा गरिन्छ | कुनैपनि विषयवस्तुका अन्तरसम्बन्धहरु, त्यस भित्रका अन्तरवस्तुको विश्लेषण, व्यक्ति तथा समुदायका कथनहरु, उनीहरु संग भएका सम्बादहरु, बहस र बार्तालापहरु र तिनीहरुको प्रत्यक्ष अबलोकनको माध्यम बाट पूर्ण लेखाजोखा गर्ने प्रक्रिया एथ्नोग्राफी हो |

**३) एथ्नोग्राफी (**ethnography**) कसरी गरिन्छ ?**

एथ्नोग्राफी (ethnography) गर्न लामो समय फिल्डमा बस्नु पर्छ | समुदायमा घुलमिल भएर उक्त समुदाय वा समुदायका सदस्यहरुको दैनिकीको अबलोकन गर्नु पर्छ | साथै अन्तर्वार्ता, छलफल बहस र औपचारिक तथा अनौपचारिक बार्तालाप मार्फत सूचनाहरु संकलन गरिन्छ | अध्ययन क्षेत्रमा रहदा दैनिक फिल्ड नोट तयार गरिन्छ | फिल्ड नोटमा आफुले गरेका, देखेका र भोगेका सम्पूर्ण कुराहरुलाई समेट्नु पर्छ | उत्तरदाताहरु संग कुरा गर्दा उनीहरु संग अनुमति लिएर मात्र भिडियो तथा अडियो रेकोर्ड गर्नुपर्छ | रेकर्ड गरिएको सम्बादलाई अक्षरश वा संक्षेपमा लेखन कार्य वा ट्रान्सकराइब [transcribe] गरिन्छ |

एथ्नोग्राफीक (ethnographic) अध्ययनमा तथ्यांक/ सुचनाहरु संकलन गर्न विभिन्न विधिहरुको प्रयोग गरिन्छ | प्रत्यक्ष संलग्न भएर गरिने अबलोकन अत्यन्तै महत्वपूर्ण हुन्छ | खासगरेर, कुराकानी वा वार्तालाप बाट मात्र प्रष्ट नहुने विषयवस्तुमा समुदायका सदस्यहरुको दैनिक क्रियाकलापको लामो अबलोकन गरी सामाजिक मूल्य मान्यता तथा अभ्यासको अध्ययन गरिन्छ | यसरी प्रतक्ष्य संलग्न भएर अवलोकन गर्नुको साथै अनौपचारिक कुराकानी तथा औपचारिक अन्तरबार्ता, सामुहिक छलफल, सम्बन्धित बिषयबस्तुसंग सम्बन्धित पूर्व साहित्यहरुको बिश्लेषण र अडियो भिडियो रेकर्ड आदि गरिन्छ | एथ्नोग्राफी (ethnography) गर्दा व्यक्ति तथा समुदायसंग सहज वातावारणमा घुलमिल गर्नु पर्छ जुन कुरा एथ्नोग्राफीमा अत्यावश्यक हुन्छ | एथ्नोग्राफीमा फिल्ड वोर्क गर्नु अपरिहार्य हुन्छ |

**४) एथ्नोग्राफी (**ethnography**) को फाइदा बेफाइदाहरु के के छन्?**

**(**What are the risks and benefits of ethnographic research?)

हरेक एथ्नोग्राफीक (ethnographic) अध्ययनमा सकारात्मक र नकारात्मक दुवै खालका असरहरु हुन्छन | जस्तै, दैनिक जिवनमा पर्ने संभावित जोखिमहरु, जिउ धन लगाएतमा सुरक्षाको जोखिम र कालान्तरमा वा भविष्यमा पर्नसक्ने जोखिमहरू हुन्छन | त्यसकारण ति जोखिमहरू न्यूनीकरण गर्न अध्ययन सुरु गर्नु पूर्व र अनुसन्धान पश्चात पनि उल्लेख्य ध्यान पुर्याउनु पर्छ | ताकी ति जोखिमहरुलाई न्यूनीकरण गरि अध्ययन गरिएको समुदायको हितमा जोड दिनु सकियोस् |

खासगरेर एथ्नोग्राफीक (ethnographic) अध्ययनमा मानिसको दैनिक जीवनलाई उनीहरुकै जीवन जगत प्रतिको अबधारणा अनुसार बुझ्न प्रत्यक्ष सलग्न भएर लामो समय सम्म गरिने हुदा जोखिमको मात्र पनि बढी हुन्छ | लामो समय सम्म बस्ने हुदा अध्ययनमा अनिश्चितता बढ्ने, निरसता बढ्ने र असजिलो महशुस हुने सम्भावना पनि उतिकै हुने हुदा अनुसन्धान प्रभावित हुन्छ | दोदात्मक बातावरणमा गरिने अध्ययनमा यस्ता जोखिमको सम्भावना अझ बढी हुन्छ |

त्यसैले अनुसन्धान गर्दा इथिकल सवालहरुमा अध्ययन क्षेत्रको सामाजिक संस्कृतिक परिवेशलाई महत्वपूर्ण स्थान दिनु पर्छ | साथै अध्ययन गर्दा भौगोलिक स्थिति, राजनैतिक तथा मनोवैज्ञानिक अवस्था, जटिल खालका शक्ति सम्बन्धहरुलाई पनि ख्याल गरि अनुसन्धान कर्ताले अनुसन्धानमा सहभागीहरु संग सम्बन्ध स्थापित गर्नु पर्छ |

एथ्नोग्राफीक (ethnographic) अध्ययनको क्रममा खास समुदाय वा व्यक्तिहरु संग मात्र अध्ययन गर्दा अन्य सरोकारवाला समुदाय वा व्यक्तिहरुले भेदभाब महसुस गर्न सक्छन | अध्ययनमा सहभागी व्यक्ति वा समुदायको निजि संबेदनशील तथ्य वा सुचनाहरु सार्बजनिक हुदा व्यक्तिगत तथा पारिबारिक सम्बन्धमा दरार, मनमुटाव आउन सक्छ | व्यक्ति वा समुदायको अधिकार वा दाबि हनन हुन सक्छ | कानुनी तथा संबैधानिक अड्चन, मुद्दा मामिलामा पर्न सक्छ | त्यसकारण फिल्ड नोट, अडियो भिडियो रेकर्ड तथा व्यक्तिगत विवरण खुल्ने सुचना तथा विवरणहरुलाई गोप्य र सुरक्षित राख्नु पर्छ | व्यक्तिगत विवरणहरुलाई सकेसम्म संकेतको प्रयोगगरि आउन सक्ने जोखिम बाट टाढा राख्नु पर्छ | अनुसन्धानमा सहभागी हुने व्यक्ति वा समुदायलाई अध्ययनबाट हुनसक्ने जोखिम र फाईदाको बारेमा पूर्ण जानकारी गराउनु पर्छ | साथै उनीहरु बाट लिएका तथ्यांक विवरणको गोपनियता सुरक्षा बारे प्रस्ट पारि सुरक्षा को अनुभूति दिलाउनु पर्छ | अर्कोतर्फ लिएका सुचनाहरुलाई सुरक्षित गर्ने जिम्मेवारी अनुसन्धान कर्ताको हो | यी सम्पूर्ण कुरा अनुसन्धान एथिक्स भित्र पर्छ |

एथ्नोग्राफीक (ethnographic) अध्ययन वा अनुसन्धानको फाईदा लामो समय सम्म वा पछि सम्म पनि पर्न सक्छ | जस्तैः स्थानीय समुदायको जीवन पद्दतिको अध्ययन केहि पुस्ता पछि ऐतिहासिक दस्तावेज बन्न जान्छ, तिनीहरुको आबश्यकताको पहिचान गर्ने तथा उनीहरुको अधिकार सम्पन्न गराउन मद्दत गर्ने सन्दर्भसामग्री हुन सक्छ | त्यसै गरि सामाजिक संघ संगठन र तिनको प्रकृया बारे जान्न र ति सामाजिक सस्थांहरु के कसरि परिबर्तन भईरहेको छ भन्ने कुरा थाहा पाउन सकिन्छ | अर्कोतर्फ ति सामाजिक संस्थाहरु, सामाजिक प्रक्रियाहरु ले के कस्ता चुनौतिको सामना गरिरहेका भन्ने कुराको आकलन गर्न सहयोग पुग्छ | उत्तरदाता को जीवन भोगाई र अनुभव समाजमा परिवर्तनको बाहक बन्न सक्छ | ति कुराको पहिचान गरि

त्यस्ता व्यक्तित्वहरुलाई समाजमा प्रोत्सहन गर्न सकिन्छ | साथै अन्य हुनसक्ने फाइदाहरुको लेखाजोखा गरि सम्बन्धि निकायमा जानकारी दिई समुदायको हितमा प्रयोग गर्न सकिन्छ | त्यसैले एथ्नोग्राफीक (ethnographic) अनुसन्धानले दुबैखालको असर पर्ने हुनाले अनुसन्धान एथिक्स को पूर्ण पालना गर्नु जरुरी छ | अनुसन्धान एथिक्स को पूर्ण पालनाले उल्लेखित जोखिमहरू लाई नियन्त्रण गर्न मद्दत पुर्याउछ |

एथ्नोग्राफी (ethnography) लामो समय सम्म बसेर गरिने अध्ययन भएकोले व्यक्ति तथा समुदायको निजि विचारहरु (subjectivity) लाई राम्ररी समेट्न सकिन्छ | उनीहरुको जीवन जगत (वोर्ल्ड भिउ) हेर्ने दृस्तिकोर्ण लाई पहिल्याउन सकिन्छ | यस्ता गहिरा सन्दर्भहरु छोटो अध्ययन बाट सम्बाभावना हुदैन |

एथ्नोग्राफी (ethnography) मा कुनैपनि समुदाय वा बिषयबस्तुलाई स्थानीय परिवेशमा रहेर मान्छेका दैनिकीहरुलाई गहिरोसंग अबलोकन गर्ने, ति दैनिक जीवन पद्धतिहरुलाई तह तहमा ब्याख्या गर्दै त्यसको अर्थहरुको खोजि गरिन्छ | स्वाभाविक परिवेशमा गरिने अध्ययन भएकोले सामाजिक यथार्थलाई अगाडी ल्याई त्यसको विभिन्न आयामहरूको अन्तरसम्बन्धहरुलाई पहिल्याउन सकिन्छ समाजमा भएका मतभेदहरुलाई खुलस्त ब्यक्त गर्न सकिन्छ | त्यसैले एथ्नोग्राफीक अध्ययन बाट समाजका जटिलताहरुलाई बस्तुगत परिपेक्ष्यमा नियालेर त्यससंग जोडीएका अर्थहरू खोतलिन्छ | समाज र संस्किर्तिक को परिबर्तनशिल परिवेशलाई समग्र प्रक्रियामा जोडी ब्याख्या बिश्लेशन गरिन्छ | यी एथ्नोग्राफी (ethnography) का फाइदाहरु हुन् |

**९) इन्फमड कन्सेंट/ अनुसन्धानको लागि अनुमति/पुर्व सुचित अनुमति** (informed consent)

एथ्नोग्राफीक (ethnographic) अध्ययनमा इथिकल प्रकृयालाई अगाडी बढाऊदा अनुसन्धानमा सलग्न एकअर्काको बीचमा सुमधुर सम्बन्ध निर्माण गर्छ | किनभने अनुसन्धाता अध्ययन क्षेत्रमा समुदायसंग सहभागी भएर अध्ययन गर्ने हुनाले समुदायका सदस्यहरु संग राम्रो सम्बन्ध बनिरहेको हुन्छ | कतिपय सन्दर्भमा अनुसन्धानकर्ता लामो समय सम्म पनि एउटा समुदायमा

निरन्तर अध्ययन गरिरहेका हुन्छन | त्यसैले समुदायसंग, व्यक्तिहरुसंग औपचारिक वा अनौपचारिक अध्ययन अनुमति लिएको छ की छैन भन्ने कुरा महत्वपूर्ण हुन्छ |

इन्फोर्मण्ड कन्सेंट (informed consent) भन्नाले अध्ययन अनुसन्धानकोलागि निबेदन गर्ने, एकअर्कालाई चिनाउने, र अनुसन्धान प्रक्रियालाई सामाजिक नैतिक धरातल खडा गर्ने आधार हो | खसगरि अनुसन्धानमा सहभागी हुनसक्ने सम्भावित व्यक्ति, समूह वा समुदायलाई आफ्नो अध्ययन अनुसन्धानको उदेश्य र त्यसको प्रकृया बारे जानकारी गराउने, अनुसन्धान बाट हुनसक्ने सकारात्मक तथा नकारात्मक असरहरुबारे जानकारी गराउने साथै अनुसन्धानको क्रममा लिईएका तथ्यांक, सुचनाहरु सामग्री र सहभागी व्यक्ति तथा समुदायको निजि विवरण कसरि सुरक्षित गरिन्छ | गोपनियताको प्रत्याभूति हुने प्रक्रिया बारेमा जानकारी गराइ स्वस्फुर्त अनुमति लिने प्रक्रिया नै इन्फमड कन्सेंट हो |

यी सम्पूर्ण प्रक्रियाको अनुसन्धान कर्ताले पूर्ण जिम्मेवारी लिनु पर्छ | साथै सहभागीले दिएका सुचनाले अनुसन्धानमा के कस्तो योगदान पुराउछ, यो अध्ययन मा सहभागी हुदा केकस्तो फाइदा बेफाइदा हुनसक्छ आदि बारे पूर्ण जानकारी गराउनु पर्छ | अनुसन्धानमा सहभागी हुने नहुने कुराको निर्णय सहभागीहरुलाई नै दिनु पर्छ |

इन्फोर्मण्ड कन्सेंट लिखित वा मौखिक दुवै रुपमा पनि लिन सकिन्छ | किनभने कतिपय सन्दर्भमा लिखित रुपमा इन्फोर्मण्ड कन्सेंट लिन त्यहाँ को सामाजिक संस्कर्तिक तथा अन्य कारणले असान्दर्भिक हुन जान्छ | कतिपय समुदायमा मानब अधिकार को दुरुपयोग हुने र कानूनी अड्चन आउने वा समुदायको डर को कारण लिखित रुपमा लिदा असहज वाताबरण निर्माण पनि हुन सक्छ | सामाजिक अनुसन्धान सहज तथा मैत्रीपूर्ण बाताबरण लिनु पर्छ तर लिखित रुपमा अध्ययन अनुमति लिदा असहज वाताबरण सिर्जना हुनसक्ने भएमा मौखिक रुपमा भएपनि अनुसन्धान अनुमति लिनु जरुरि हुन्छ | मौखिक अनुमतिलाई एथ्नोग्राफी (ethnography) मा स्वीकार गरिन्छ | अनुमति बिना गरिएका अध्ययन अनुसन्धानको कानूनी तथा नैतिक धरातल हुदैन | उक्त अध्ययन को औचित्य र विश्वसनीयता माथि पनि प्रश्न उठ्छ |

माथिको छलफल बाट के निस्कर्ष निकाल्न सकिन्छ भने एथ्नोग्राफी (ethnography) गर्नका लागि चाहिने महत्तोपुर्ण पक्षहरु निम्नानुसार तल उल्लेख गरिएको छः

- एथ्नोग्राफीमा गुणात्मक विधि प्रयोग गरिन्छ |
- एथ्नोग्राफी सामान्यतया सांस्कृतिक प्रणालीहरूको समग्रमा अध्ययन गर्ने अवधारणा हो | साथै एथ्नोग्राफीमा सामाजिक-सांस्कृतिक सन्दर्भहरु, यसका प्रक्रियाहरु र अर्थहरूको समग्रमा खोजि गरिन्छ | यस अबधारणा बाट कुनैपनि बिषयबस्तुको गहन अध्ययन गर्न सकिन्छ |
- एथ्नोग्राफीमा सामाजिक-सांस्कृतिक प्रणालीहरुलाई अन्तरिक र बाह्य दुवै दृष्टिकोण बाट अध्ययन गरिन्छ |
- एथ्नोग्राफी मुख्यतया अध्ययन क्षेत्रमा बसी प्रत्यक्ष अबलोकनमा आधारित हुन्छ |
- एथ्नोग्राफी एउटा यस्तो प्रक्रिया हो जसले अध्ययन गर्ने विषयवस्तुसंग सम्बन्धित सम्पूर्ण सूचना वा जानकारीको निरन्तर सोध खोज गर्छ र त्यसको व्यख्या बिश्लेशन गरि निस्कर्ष निकालिन्छ |
- एथ्नोग्राफी साधारण सूचना मात्र लिने भन्दा पनि त्यो बिषयबस्तुको समग्र सम्बन्धहरु र प्रक्रियाहरु को लेखाजोखा गर्नु पर्छ | त्यसखालको गहिराई सम्म पुग्न सौहाद्रपूर्ण वातावरण निर्माण गर्नु पर्छ | यसलाई Rapport बिल्डिंग गर्ने भनिन्छ| सहज बातावरणमा गरिने कुराकानी र अबलोकन बाट मात्र ति सम्बन्धहरु एक अर्कामा कसरि जोडिएर रहेका छन् ? के, कहाँ, कसरि, कति र कस्ता आदि प्रश्न बाट जोडिएका सम्बन्धहरु लेखाजोखा गर्न सकिन्छ | त्यसैले अध्ययनकर्तामा मिलनसार र सिकरुपन को स्वभाव हुनु जरुरि हुन्छ | जुन समाज संस्कृतिक समूह को अध्ययन गर्ने हो त्यस समाजको मूल्य मान्यतालाई पूर्ण पालना र सम्मान गर्नु पर्छ |
- एथ्नोग्राफी गर्दा दैनिक रुपमा फिल्डनोट लेख्नु को साथै निरन्तर अबलोकनको रेकर्ड पनि राख्नुपर्छ | जसले गर्दा एथ्नोग्राफी लेखन प्रकृयामा र अध्ययनलाई अगाडी बढाउन सहजता प्रदान गर्छ | एथ्नोग्राफीमा फिल्ड नोट लेख्नु मुख्य कुरा हो |
- एथ्नोग्राफी एक्लै वा सामुहिक रुपमा दुवै तरिकाले अध्ययन गर्न सकिन्छ |
- एथ्नोग्राफीमा मानविय मूल्य मान्यतालाई मध्यनजर गर्दै मान्छेका भाबना, चाहना, स्वतन्त्रता र मानब अधिकारको प्रत्याभूति सहित ति सन्दर्भहरुमा आधारित भएर विषयबस्तुको गहिरो अध्यान अनुसन्धान गरिन्छ |

**सन्दर्भ सामाग्रीहरु:**

American Anthropological Association Executive Board. (2004). American Anthropological Association Statement on Ethnography and Institutional Review Boards. Available online: http://research.fiu.edu/documents/irb/documents/ethnographyReview.pdf

American Anthropological Association. (2012). Code of Ethics. Available online: http://ethics.americananthro.org/category/statement/

Geertz, Clifford. (2006) [1973]. The Interpretation of Cultures. New York: Basic Books.

The United Nations. (1948). Universal Declaration of Human Rights.